# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं. ०७७/०७८
च.नं ८२

मिति २०७७।०४।२८

### बुटवल उपमहानगरपालिकाको अत्यन्त जरुरी सूचना ।

नगरक्षेत्रभित्र कोरोना संक्रमण तिव्र रुपमा फैलिई रहेकोले २०७७ साल श्रावण २९ गते राती ११:४५ बजेदेखि २०७७।०५।०५ गते राती ११:४५ बजेसम्म सम्पूर्ण नगरक्षेत्रलाई लकडाउन गर्ने निर्णय भएको हुँदा आम नगरवासी बुवाआमा दाजुभाई दिदीबहिनीले देहाय बमोजिम आदेशको पालना गर्नु गराउनु हुन र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सुरक्षित रहनु हुन बुटवल उमहानगरपालिका हार्दिक अनुरोध गर्दछ ।

लकडाउनको अवधिमा देहाय बमोजिम अत्यावश्यक सेवाहरु मास्क तथा पञ्जा लगाई स्यानिटाइजर प्रयोग गरी संचालन गर्न सकिने । अन्य सम्पूर्ण व्यवसाय बन्द रहने ।

(क) स्वास्थ्य सेवा सम्बन्धी सबै कार्यहरु र सोका लागि प्रयोग गर्ने सवारी साधन, (साथमा परिचयपत्र अनिवार्य)

(ख) खाद्य किराना र डिपार्टमेण्ट स्टोर, तरकारी, फलफूलको विक्री वितरण आवश्यक दुरी कायम गरी विहान ७ बजेदेखि ११ बजेसम्म

(ग) दुध विहान ७-११, साँझ ५-७ बजेसम्म (ढुवानी तथा वितरण)

(घ) विद्युत, खानेपानी, वारुणयन्त्र र सरसफाई सम्बन्धी सेवा र सोका लागि प्रयोग हुने सवारी साधन,

(ङ) बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरुले तालिका बनाई न.पा.को स्वीकृतिमा मात्र खोल्न सक्ने । (दिनको १०:०० बजेदेखि २:०० बजेसम्म मात्र)

(च) औद्योगिक तथा निर्माणजन्य कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरुको सुरक्षा मापदण्ड पालन गरी संचालन गर्न सकिने, सुरक्षा मापदण्ड पालना गराउने दायित्व सम्बन्धित रोजगारदाताको हुने ।

(छ) बुटवल कस गरेर जाने सवारी साधनहरुले बुटवल उपमहानगरको क्षेत्रभित्र रोक्न पाइनेछैन । बुटवलमा सामान अनलोड वा अपलोड गर्ने ढुवानीका साधनले सुरक्षा सावधानी अपनाई सुरक्षाकर्मीको रोहवरमा मात्र गर्न सक्नेछन् ।

(ज) बुटवल उपमहानगरपालिकाको १९ वटै वडा कार्यालयबाट कोभिड संक्रमण र दैवीप्रकोपसँग सम्बन्धित आवश्यक सिफारिस बाहेक अन्य सेवा प्रदान नगर्ने,

(झ) बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा बुटवलस्थित अन्य सरकारी कार्यालयहरु सम्बन्धित कार्यालय प्रमुखले अत्यावश्यक सेवाका लागि आवश्यक कर्मचारीहरु मात्र उपस्थित हुने गरी आवश्यक व्यवस्थापन मिलाउने । (उल्लेखित प्रयोजनको लागि परिचयपत्र सहित प्रयोग भएको सवारी साधन संचालन हुने)

**सञ्चालन गर्न नपाइने :**

-उल्लेखित अवस्थामा वाहेक सम्पूर्ण प्रकारका सवारी साधन(सार्वजनिक एवं निजी, चारपांग्रे तथा दुई पांग्रे) संचालन गर्न पाइने छैन ।

-ठेला, साइकल जस्ता साधन प्रयोग गरी कुनैपनि व्यापार गर्न पाइने छैन ।

-फुटपाथ, सडकपेटी, हाटवजार लगायत सार्वजनिकस्थलमा राखेर कुनै पनि वस्तु वा सेवा विक्री गर्न पाइने छैन ।

-नेपाल सरकारले संचालन गर्न नपाइने भनी रोक लगाएका अन्य सबै क्रियाकलापहरु संचालन गर्न पाइनेछैन ।

लकडाउन अवधि प्रारम्भ हुन अघि नै बुटवल आउनुपर्ने व्यक्तिहरु आइसक्नु हुन र बुटवल छोड्ने व्यक्तिहरुले छोडिसक्नु हुन अनुरोध छ ।

सम्पर्कका लागि टोल फ्रि नम्बर : १६६०७१५२०११

**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**